ग्रामीण युवा विकास कार्यक्रम

# युवा आवाज

सहमति

(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

AWO International

## सहमति कार्यनीतिक दिशा सन् २०११-२०१५

सहमति २०५८ कात्तिक २७ गते स्थापना भइ सक्षम, सचेत र समतामूलक समाज निर्माणको दिशामा आफ्ना कार्यक्रम तथा गतिविधिहरुलाई अगाडी बढाई १० वर्षको संस्थागत यात्रा पार गर्दैछ । यसै सन्दर्भमा २०६७ माघ महिनामा १५ वर्षको संस्थागत परिकल्पना सहित आगामी पाँच वर्षका लागि संस्थागत कार्यनीतिक दिशा तय गरेको छ । सहमतिको १५ वर्ष परिकल्पना र ५ वर्षको लागि ध्येय लक्ष्य सहित संस्थाका कार्यनीतिक उद्देश्यहरु सङ्क्षिप्त रुपमा यहाँहरु सामु जानकारी गराउनु संस्थागत जिम्मेवारी हो भन्ने ठानी सहमति सन्देश मार्फत् पस्केका छौं ।

### परिकल्पना (१५ वर्ष)

- सहमति, नेपालमा समुदाय र मानवता विकासका लागि प्रतिवद्ध सिक्ने र सिर्जनशील संस्थाको रुपमा विकास हुनेछ ।

### ध्येय (५ वर्ष)

- सहमति, जनताका आधारभूत अधिकारहरुको सुनिश्चितताका लागि स्रोत माथिको पहुँच अभिवृद्धि गर्न संयोजनकारी भूमिका निर्वाह गर्ने संस्था हुनेछ ।


### लक्ष्य (५ वर्ष)

- गुणस्तरीय जीवनयापनमा समुदायको स्रोतमाथि पहुँच अभिवृद्धि गर्ने ।

### कार्यनीतिक उद्देश्य (५ वर्ष)

- सहकारीता प्रवर्द्धन र सुदृढीकरण गर्ने ।
- सहमति अध्ययन केन्द्रलाई पूर्ण व्यवस्थित रुपमा बिस्तार गर्ने ।
- समुदायमा रहेका युवाहरूको विकासका लागि रचनात्मक कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने ।
- जीविकोपार्जन र वातावरणसँग सम्बन्धित कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।
- लोकतान्त्रिक मूल्य एवं मान्यताको प्रवर्द्धन गर्ने ।
- गुणात्मक सेवाका लागि व्यवस्थापकीय प्रणालीलाई मजबुदीकरण गर्ने।




ग्रामीण युवा विकास कार्यक्रम सहमति र AWO International Germany सँगको साझेदारीमा संचालित कार्यक्रम हो । यो कार्यक्रम सन् २००८ January देखि नवलपरासी जिल्लाका डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट गा.वि.स.को वार्ड नं. ३ मा संचालन भइरहेको छ ।

यस कार्यक्रमको लक्ष्य ग्रामीण युवाहरुको जीविकोपार्जनमा सुधार ल्याउनु हो । यो लक्ष्य प्राप्त गर्न कार्यक्रमले स्थानीयस्तरका सामाजिक तथा लघुवित्तीय संस्थाहरुमा युवाहरुको निर्णायक तहमा पहुँच तथा सहभागिता अभिवृद्धि, स्वरोजगारका अवसर सृजना गर्दै युवाहरुको आयस्तर बढाउने र युवाहरुको असूचित तथा मौसमी वसाईसराइलाई कम गर्ने उद्देश्य लिएको छ ।

यी उद्देश्यहरु प्राप्त गर्न कार्यक्रमले सामुदायिक संस्थाहरुको क्षमता बृद्धिका लागि सहकारी शिक्षा शिविर, सहकारी व्यवस्थापन सहयोग, अध्ययन भ्रमण, स्थानीय संस्था प्रवर्द्धन र सहयोग, सहकारीको व्यवसायिक योजना तर्जुमा, क्षमता बृद्धिका लागि तालिम, स्वावलम्बन समूह सुदृढीकरण, समूहस्तरमा योजना तर्जुमा, सामुदायिक प्रयास प्रवर्द्धनका क्रियाकलापहरु संचालन गरेको छ । यसरी नै समुदायको आयस्तर सुधार गर्न कृषि तथा पशु सम्वन्धी तालिम, वेमौसमी तरकारी उत्पादन सम्वन्धी तालिम, स्थानीय स्रोत व्यक्ति तयारी, पशु स्वास्थ्य शिविर, लघु सिंचाई, उन्नत जातका पशु चौपायाको सहयोग, बजार तथा संकलन केन्द्र प्रवर्द्धन, गैरकृषि सीप विकास तालिम, व्यवसाय लागत सहयोग जस्ता क्रियाकलाप संचालन गरिरहेको छ भने युवा विकासका लागि युवा सूचना केन्द्र स्थापना र संचालन, पैरवी तालिम, सरोकारवाला कार्यालयसँग भेटघाट, सामाजिक मूल्यमा युवाहरु विषयक सचेतना, युवा भेटघाट, युवा छात्रवृत्ति, एस.एल.सी.तयारी कक्षा, किशोर किशोरी कक्षा, नेतृत्व विकास तालिम, सामाजिक परिचालन तालिम, युवा दिवस, नारी दिवस, स्वास्थ्य अधिकार अभियान जस्ता क्रियाकलापहरु युवाहरुकै सहभागिता र सक्रियतामा संचालन गरिरहेको छ ।

युवा आवाज सहमति ग्रामीण युवा विकास कार्यक्रमको प्रतिफल हो । प्रकाशित लेखहरु सम्वन्धित युवाहरुकै हातबाट कोरिएका अनुभव र अनुभुतिहरु हुन् । यी लेखहरुबाट कार्यक्षेत्रका युवाहरु मात्र नभई आम नेपाली युवाहरुका लागि प्रेरणाका स्रोत बन्ने छन् भन्ने अपेक्षा राखिएको छ ।

यस भित्र ........
- लेख/विचार
- व्यक्तिगत अनुभूतिहरु

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International

# जीवनको कठिन यात्रामा पाएको साहारा

**जनक रानाभाट**
डाँडाझेरी–१, मथार

मेरो जन्म लुम्बिनी अञ्चल, नवलपरासी जिल्ला डाँडाझेरी गाविस–१ निवासी पिता दयालाल रानाभाट र माता केशमाया रानाभाटको कोखबाट २०२८ साल फाल्गुण २२ गते बिहीवार किसान परिवारमा भएको हो ।

२०४६ सालमा तनहुँ जिल्ला कोटदरवार गाविस–८, रीमा रानाभाटसँग विवाह बन्धनमा बाधिएँ, २०४७ सालमा एस.एल.सी. उत्तीर्ण, घरको आर्थिक स्थितिले २०४९–५० मा महालक्ष्मी डेरी प्रा.लि. नारायणगढमा स्टोर किपर, सेल्समेन जस्ता पदमा रही काम गरी ०५१ सालमा काठमाण्डौ जिल्ला विकास समितिको कार्यालयमा अस्थायी खरिदार पदमा नियुक्ति, ०५१ फाल्गुणमा जिविसबाट काजमा साङ्ला गाविस काठमाण्डौमा गाविस सचिवको कार्यभार सम्हाली ०५६ फाल्गुणसम्म कार्यरत, ०५७ मा श्रीमती रीमा रानाभाटको सल्लाह अनुसार छोरा दिनेश रानाभाट (०५१), छोरीहरु सुशिला रानाभाट (०५३), वागमती रानाभाट (०५६) मा सन्तानको रहर पुगिसकेको हुनाले ०५८ सालमा परिवार नियोजन गरे । नेपालमा बसेर आर्थिक स्थिति नसुध्रिने देखि साउदी अरब रोजगारको लागि प्रस्थान, २ वर्ष पेन्टर काम पूरा गरेर २ महिनाको छुट्टी लिई घर फर्की स्वास्थ्य परीक्षण गर्दा केमिकलको कारणले स्वास्थ्यमा असर, ०६१ सालमा अपरेटरमा मलेशियामा गई ३ वर्ष पूरा गरी घरआई विदेश गएर केही पनि नहुने रहेछ, नेपालमा बसी केहि गरौं भन्ने भावना जागरण भई कामको खोजीमा हिंडे तर केही मेसोमेलो लागेन ।

अब भेटेरीनरी तालिम लिएर सेवा गर्नेछु भन्ने सोचाई गरी रहेको बेलामा ढुङ्गा खोज्दा देउता मिल्यो भने झैं ०६५ माघ २० गते यसै वडाका मनप्रसाद भाट र प्रेम बहादुर थापाले भोली २१ देखि ३५ दिने ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिम गैंडाकोट गाविसमा शुरु हुँदैछ । एस.एल.सि.पास भएको चाहिन्छ, खर्च सहमति संस्थाले व्यहोर्नेछ भन्ने खवर सुनेपछि संस्थाको सम्पर्कमा रहेर छलफल पश्चात ३५ दिने भेटेरीनरी तालिम पूरा गरी प्रमाणपत्र लिई २०६५/१२/१३ देखि आफ्नै घरमा भेटनरी सञ्चालन गर्न थाले । यस भेटनरीबाट छिमेकी गाविस बुलिङ्टार, कोटथर र तनहुँ जिल्लाको भिरकोट गाविस र कोटदरबार गाविसका केही वडाहरुमा समेत सेवा पुऱ्याउँदै आएको छु सो भेटेरीनरी सञ्चालन गरेपछि औषधी, बडिजो, उन्नत जातको बोका गरी ३० हजार भन्दा बढीको सहयोग सहमति संस्थाबाट समूहमा प्राप्त भएको छ भने मैले दैनिक रु.५०० सम्म आम्दानी गर्दछु जसले गर्दा मेरो छोराछोरीहरुको भविष्य निर्माणको लागि ठूलो टेवा पुगेको छ । दुःखको कुरा ०६७ आषाढदेखि ०६७ आश्विनसम्म बिरामी भई भरतपुर अस्पतालमा उपचार हुन नसकी काठमाण्डौ टिचिङ्ग अस्पताल गई अप्रेशन गरेको र ३ महिनासम्म पनि स्वास्थ्यमा सुधार नभएपछि टिचिङ्गका नर्स र डाक्टरहरुले ९९ प्रतिशत सफल नहुने समेत भनेपछि घरमा ल्याउने तयारी भएकोले मैले सहमति संस्थाका सरहरुसँग पनि परामर्श लिएको थिए र उहाँहरुले त्यही बस्ने सल्लाह दिनुभयो वास्तवमा त्यो सल्लाह धेरै राम्रो भयो । मृत्युको मुखबाट निस्कन र टिचिङ्ग अस्पतालको यस्तो बिरामी बाँचेको पहिलो रेकर्ड नै कायम गर्न सफल भएँ । उपचार गर्ने क्रम समाप्त भएको छैन, मलद्वार बन्द गरी साईडमा ब्याग राखेर पनि प्रत्येक वडाहरुमा पशु उपचार गरेर हिंडेको छु ।




विडम्वना खर्चको अभावले अर्को अप्रेशन गर्न ढिलाई भइरहेको छ । वास्तवमा सहमति संस्थाको सहयोगबाट यो तालिम लिएर बाँच्ने आधार मिलेको छ । ऋणको भारी बोकेर पनि जोस र जाँगरकासाथ पशु उपचारमा दिनरात खटिएको छु । सेवा गरे मेवा मिल्छ भने झै उपचार गरे अनुसार सफल भएको छु, पशु धनीहरु प्रशन्न छन्, आफ्नो मेहनतको फल मिलेको छ । सहमति संस्थाले बेरोजगार युवालाई रोजगारमूलक कार्यक्रम ल्याई आर्थिक उन्नती बढाउने काम भएको छ । अन्तमा मलाई सहयोग गर्ने सहमति संस्था गैंडाकोटको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनहरुमा सहयोगको अपेक्षा राख्दै सहमति तथा ग्रामीण युवा विकास कार्यक्रमप्रति आभार व्यक्त गर्न चाहन्छु ।

# आफूले आफैंमा धेरै परिवर्तन भएको पाएँ

**मन बहादुर भुजेल**, गैंडाकोट–३, हर्दि

म नवलपरासी जिल्ला गैंडाकोट गाविस वार्ड नं.–३ हर्दिमा बसोबास गर्दै आएको छु । म आफैले मेरो व्यक्तिगत परिवर्तनको कुरा गर्नुपर्दा म पहिले एउटा केही नबुझ्ने सामान्य युवक थिएँ । गाउँ, समाजको विकासमा लाग्ने, आफू कसरी अघि बढ्न सकिन्छ भन्ने ज्ञान म मा थिएन ।

गाउँ समाजमा नै साथीभाइहरुसँग हाँस खेलमा समय बितेको थियो । जब मैले S.L.C दिएँ तब गैरसरकारी संस्था सहमतिबाट संचालित ग्रामीण युवा विकास कार्यक्रमबाट अधिकारमुखी पैरवी तालिम लिन अवसर मिल्यो, त्यस तालिमबाट म मा एउटा खुल्दुली ल्यायो, जसबाट समाजमा भएका विकृति, कुसंस्कार कसरी हटाउन सकिन्छ र आफ्नो अधिकार आफैले खोज्नुपर्छ भन्ने एउटा नौलो सन्देश मिल्यो । फेरी सोहि कार्यक्रमबाट गैंडाकोट–३, केलादीमा अनौपचारिक किशोरी शिक्षा पढाउने अवसर मिल्यो । त्यस सम्बन्धी पनि ५ दिने तालिम लिएँ र १५/१६ वर्षका किशोरीहरुलाई १ वर्षसम्म अध्यापन गराएर ४/५ मा पढ्न सक्ने ज्ञान प्रदान गरें । त्यसपछि मेरो माध्यामिक तहको पढाई पनि पूरा भयो । पुन कार्यक्रमबाट युवा नेतृत्व सम्बन्धी १ महिने तालिम ३ चरणमा लिने अवसर पाएँ जुन तालिमबाट म मा कुनै कार्य गर्न लागि पर्ने र सामना गर्न सक्ने ज्ञान सहित आत्मबल बढ्यो । आफूले आफैमा धेरै परिवर्तन भएको पाएँ ।



यसरी सिकाइको प्रक्रियासँगै फेरी अर्को ग्रामीण युवा विकास तालिम पनि सहमति संस्थाबाट लिने अवसर मिल्यो । यसरी विभिन्न तालिमहरुबाट धेरै ज्ञान लिने मौका पाएँ । आफ्नै गाउँमा बचत समूह भएका कारण सहमतिबाट नै ५ दिने लेखा तालिम पनि लिएँ ।

यसरी समयको गतिसँगै सहमति संस्थाबाट आधा दर्जन तालिमहरु लिएँ । जुन तालिमबाट आफूमा कुनै कार्य गर्न सक्ने ज्ञान, सीप र नेतृत्वको विकास भएको छ जस्तो लाग्छ । पहिले म तालिम नलिँदा एउटा सामान्य युवक थिएँ यिनै तालिमहरुको सहायताले आज आएर गैंडाकोट–३, नवलपरासीमा सहमति संस्थाको सहयोगमा सञ्चालित युवा सूचना केन्द्रमा परिचालकको रुपमा रहेर कामसमेत गरी सकेको छु । यसर्थ कार्यक्रमको सहयोग पश्चात म मा धेरै परिवर्तनहरु आएका छन ।

# चञ्चल मन स्थिर भई व्यवसायिक तरकारी खेतीमा

### वीरबहादुर साठीघरे



रतनपुर-७ मा रतनपुरमा जन्मी यसै ठाउँलाई कर्मभूमि बनाई विगत ३३ वर्षदेखि म वीरबहादुर साठीघरे बसिरहेको छु । म, श्रीमती, १ छोरा र १ छोरी गरी ४ जनाको सुखी परिवार रहेको छ । मेरो घरमा खासै नियमित आम्दानीको स्रोत थिएन, केवल घरायसी मदिरा बिक्रीबाट प्राप्त सानो रकम नै जीवन गुजाराको सहारा थियो । समय आएपछि खोरिया फडानी गरेर भएपनि दिन कटाउने मात्र काम हुन्थ्यो । मैले समय समयमा भारतमा गएर बिना आम्दानी धेरै वर्ष पनि कटाए किनकी म सँग खास त्यस्तो कुनै सीप पनि थिएन भने सीप सिकेर केही गरौं भन्ने भावना पनि पलाउन सकेको थिएन । वरु गाउँमा भएको देखासिकी गरेर विदेश (खाडी मुलुक) जाने कुराले समय समयमा मनभित्र वास गर्थ्यो ।

यहाँ बसौं आम्दानी छैन वरु विदेश गए त पैसा पनि सजिलै कमाईन्छ होला अनि फर्केर आउँदा लाहुरे भन्ने पगरी पनि गुथ्न पाइन्छ, यस्तै यस्तै कुराहरु मनमा खेलिरहन्थ्यो तर विदेश जान पनि कोहि चिनेको छैन, लगानी गर्न रकम छैन, ऋण खोजेको पैसा दलालले खाईदियो भने के गर्ने ? यी आदि प्रश्नहरु पनि मनमा नउब्जिएका होइनन् । यस्तै दोधारमा जिन्दगी कटाइरहेको अवस्थामा मेरो मनमा उब्जिएका अनुत्तरीत प्रश्नहरुको उत्तर प्राप्त भयो र उत्तर दियो सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले । कार्यक्रमसँग विभिन्न छलफल, अन्तरक्रिया र बैठकहरु पश्चात् हामीहरु गाउँमा व्यवसायिक तरकारी खेती गर्न अग्रसर भयौं । शुरुमा त मनमा डर पनि लाग्यो, तरकारी खेती गर्ने अरे, केहि जानेको छैन । पछि संस्थाद्वारा व्यवसायिक रुपमा गर्न सक्ने किसिमले विभिन्न तालिम, सहयोग प्रदान भएपछि मनमा साहस बढ्न थाल्यो । फलस्वरुप वर्षायाममा करिब १ कठ्ठामा तरकारी खेती गरें जसबाट मैले १ सिजनमा सोचेभन्दा राम्रै आम्दानी भयो त्यसपछि गाउँमा सिञ्चाईको अभाव भएकोले सबै गाउँलेको र कार्यक्रमको सहयोगमा सिञ्चाईको लागि पाइपको व्यवस्था भयो । त्यसपछि मैले क्षेत्रफल बढाएर करिब ३ कठ्ठामा विभिन्न जातका तरकारी जस्तै काउली, बन्दा, टमाटर, खुर्सानी, करेला, काँक्रो, बोडी लगायतका विरुवाहरु लगाइरहेको छु । त्यसबाट मैले बार्षिक ९० हजार जति कमाउन सफल भइरहेको छु । यसबाट मेरो चञ्चल मन अब स्थिर भई व्यवसायिक रुपमा तरकारी खेती गरेर बस्ने भएको छ । यसबाट मैले मेरा छोराछोरीलाई राम्रोसँग पढाउन सकेको छु भने मेरो गरिबीको स्तर सुधार भई पारिवारीक अवस्था पनि राम्रो भएको छ । यसरी म जस्ता धेरै बेरोजगार युवाहरु जो केही महिनाको अन्तरालमा भारत जाने आउने गरिरहेका छन् खाडी मुलुकमा गएर दु:ख पाइरहेका छन् ति युवाहरुलाई यही ठाउँमा आएर व्यवसायिक रुपमा काम गरेर अगाडि बढे अवश्य पनि सफल भइन्छ र परिवारको आर्थिक अवस्था सुधार्न सकिन्छ भनि सल्लाह दिन चाहन्छु । यसर्थ बेरोजगार युवाको उपनाम बोकेको मलाई व्यवसायिक युवाको पगरी बोकाइदिएकोमा सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद दिँदै अन्य बेरोजगार युवाहरुलाई व्यवसायिक बन्ने सोच प्राप्त होस् भन्ने कामना राख्दछु ।

# कमाउन विदेशै जानुपर्छ भन्ने छैन

### जसबहादुर सोती



३७ औं बसन्तमा पाइला टेकी रतनपुर-७ मा व्यवसायिक रुपमा तरकारी खेतीमा संलग्न जसबहादुर सोती बुबा, आमा, श्रीमती र ५ छोराछोरीका साहारा हुन् । पर्याप्त मात्रामा उर्वर जमिनको अभाव, आवश्यक ज्ञान, सीपको अभावका कारण खोरिया फडानी र घरायसी मदिरा बिक्रीबाट जीवन गुजारेका थिएँ । यस्तै काम गर्दा खासै प्रगति र परिवारको आर्थिक अवस्था मजबुत बन्ने नदेखेपछि र पर्याप्त मात्रामा छोराछोरीको शिक्षामा अप्ठ्यारो पर्ने देखेपछि केहि गरौंला, राम्रै आम्दानी होला, आम्दानी भएपछि सुखले घरमै फर्की परिवारसँग बसौंला, दु:खको खाडलबाट मुक्ति पाई जीवनयापन सुखमय होला भन्ने आशा बोकी भारततर्फ लागेका उनै जसबहादुर सोतीले आफ्नो कथा यसरी सुनाउछन् ।

हातमा सीप छैन, चिनेको छैन के राम्रो काम मिल्थ्यो र तैपनि सानोतिनो काममा त केही वर्ष गुजारा गरेपछि यस्तै गरेर भारतमा बस्ने हो भने गर्ने उमेर सकिन्छ पछि झन् दु:ख पर्छ कि भन्ने सोचेर पुन: गाउँमा नै फर्कें । कमाई गर्न भनेर भारत गएँ, कमाई भएन, गाउँमा केही गरौं भने केही थाहा छैन । यस्तै संकटमा पहिलाकै काम गर्दै केही वर्ष विताएँ । "लेखेको पाइन्छ, देखेको पाईदैन" भन्ने उखान सुनेको आज साँच्चीकै मेरै लागि बनाए जस्तो लाग्यो । आफ्नै भाग्यलाई दोष दिँदै दिन विताउन लागें । यस्तै दु:खका दिन कटाइरहेको बेलामा मेरो भेट सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग भयो ।

त्यसपछि म जस्तै युवाहरुले कार्यक्रमसँग सल्लाह गरेर कार्यक्रमको सहयोगमा गाउँमा व्यवसायिक तरकारी खेती गर्न अग्रसर भयौं । शुरुमा त संस्थाले भन्दा खासै पत्यार लागेको थिएन तर आफ्नो अन्य केही विकल्प नभएको हुँदा शुरुमा १ कठ्ठामा तरकारी खेती गरें । दु:ख, मेहनत गर्दा शुरुमा तरकारीबाट राम्रै आम्दानी लिएँ त्यसपछि मनमा केही खुशीका तरङ्गहरु देखा परे र अझै गर्न मन लाग्यो र करिब २ कठ्ठामा विभिन्न किसिमका तरकारी वालीहरु काउली, बन्दा, गोलभेंडा, खुर्सानी आदि लगाएँ । त्यसपछि त्यसमा पनि सफल भएँ र करिब ५० हजार जति कमाएँ ।

यस पश्चात् हाल नियमित रुपमा तरकारी खेती गरिरहेको छु । वार्षिक रुपमा ५०,००० कमाउँछु । घरमा हरिया तरकारी पाक्छन, इष्टमित्रलाई पनि दिन पुगेको छ । आएको रकमले छोराछोरीलाई पढाउन सकेको छु । यसर्थ तरकारी खेतीले मेरो जीवनमा सुखका दिनहरु ल्याए र तरकारी खेतीमा लागेको सफल व्यक्ति भनेर चिनिन पुगें, यसर्थ सहमति ग्रामीण युवा विकास कार्यक्रम दु:खको सहारा बनेर आइपुग्यो । तरकारी खेतीले मलाई कमाउन विदेशै जानुपर्छ भन्ने छैन भन्ने पाठ सिकाएको छ ।

# असम्भव भन्ने छैन

**झविन्द्र गरञ्जा**
अध्यक्ष, जनसेवा सामाजिक विकास केन्द्र

नवलपरासी जिल्लाको सबैभन्दा विकट गाविसको रुपमा परिचित डाँडाझेरी गाविस हो । यस गाविस सामाजिक, आर्थिक, राजनैतिक हिसाबले पनि जिल्लाबाट पछाडि रहेको छ । यस गाविसको वडा नं.-४ वरिमलका युवाहरु २०६४ सालभन्दा अगाडि अन्यौलमा अल्भिुई रहेका थिए । यहाँका आम युवाहरुमा सामाजिक विकासको बारेमा खासै चासो थिएन । खाली नाचगान, रमाईलो गर्ने जस्ता कार्य गर्नु बाहेक विकल्प थिएन । जब २०६४ सालमा ग्रामीण क्षेत्रमा रहेका युवाहरुलाई केही गर्नुपर्छ भन्ने उद्देश्यकासाथ डाँडाझेरी, कोटथर, रतनपुर र गैँडाकोट गाविसमा ग्रामीण युवा विकास कार्यक्रम सहमति संस्थाबाट संचालित भयो त्यही अनुरुप डाँडाझेरी गाविसको वडा नं.-४ वरिमलका अन्यौलमा बसिरहेका युवाहरु र ग्रामीण युवा विकास कार्यक्रमसँग कार्यक्रमको बारेमा वृहत छलफल भयो । सोही अनुरुप वरिमलका परिवर्तनको संवाहक मानिएका युवाहरुमा विस्तारै समाजलाई परिवर्तन गर्नुपर्छ भन्ने सोच आयो । त्यसपछि सहमति जस्तै सामाजिक संस्थाको स्थापना गर्नेतर्फ आम युवाको धारणा सृजना भयो । हामी सबैले सहमति संस्थासँग संस्थागत कार्यनीतिक तर्जुमा कार्यशाला गोष्ठी अनिवार्य महशुस गरी सहमतिसँग माग गरी संस्था दर्ताको प्रक्रियामा एकजुट भई अगाडि बढ्यौ । फलस्वरुप हामीले डाँडाझेरी गाविस वरिमल गाउँमा जनसेवा सामाजिक विकास केन्द्र नामक स्थानीय गैरसरकारी संस्थाको स्थापना गरी २०६६ साल मंसिर १९ गते जिल्ला प्रशासन कार्यालयबाट प्रमाणपत्र पाउन सफल भयौं । त्यसपछि साँच्चिकै परिवर्तनको संवाहक मानिएका युवाहरु सामाजिक विकासतर्फ अग्रसर हुन थाले । आफ्नो गाउँको विकास आँफै गर्नुपर्छ भन्ने सोचको विकास भयो । फलस्वरुप यस संस्थाले सहमति र गाविसको सहयोगमा दुईकोठे पक्की भवन, सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगमा वरिमल र धवादीमा अवस्थित ६१ घरधुरीमा चर्पी निर्माण, प्रत्येक घरमा सुधारिएको चुल्हो प्रवर्द्धन गर्ने कार्य गरियो साथै संस्थाको भवन प्लाष्टर, सोलार पावर, कुर्ची, दराज जस्ता आवश्यक पर्ने समान जुटाउन सफल भयौं । त्यस लगायत संस्थाले सहकारी शिक्षा शिविर, शिक्षा, स्वास्थ्य तथा वातावरणीय सरसफाई जस्ता कामहरु पनि गर्दै आइरहेको छ । त्यही कारणले



गर्दा आज वरिमल परिवर्तनको बाटोमा अगाडि बढिरहेको छ । वरिमल गाँउको भनाईमा युवा विना परिवर्तन असम्भव रहेछ भन्ने विश्वास बढेको छ । हामीले चाहयो भने जस्तोसुकै परिवर्तन हुन सक्छ । हामी अग्रसर भएर परिवर्तनलाई आत्मसाथ गर्दै अगाडि बढ्नुपर्छ भन्ने सबैको धारणा छ । त्यसकारणले अब वरिमलका आम युवाहरुमा गाउँमै बसेर गाउँको विकास गर्नुपर्छ भनेर विभिन्न स्वरोजगारमूलक तालिम लिई आत्मनिर्भर हुदै गाउँमै केही गर्नुपर्छ भन्ने सोच आएको छ । समाजमा रहेका विकृति, विसंगति हटाई राम्रो वरिमल बनाउने हाम्रो उद्देश्य रहेको छ । त्यसकारण हामीमा भएको परिवर्तनको सोच अझ व्यापक रुपमा अरु गाउँमा पनि फैल्याउनु छ । वरिमल राम्रो भएर मात्रै हुँदैन हाम्रो सिङ्गो डाँडाझेरी, राम्रो डाँडाझेरी बनाउन हामी सम्पूर्ण परिवर्तनको हिमायती मानिएका युवाहरुसँग हातेमालो गरी अगाडि बढ्ने उद्देश्यका साथ अगाडि बढ्दै गएका छौं । हाम्रो जस्तो सोच डाँडाझेरीका युवाहरुमा आयो भने साँच्चिकै हाम्रो डाँडाझेरी, राम्रो डाँडाझेरी नारामा मात्र सीमित नरहेर व्यवहारिक रुपमा कार्यान्वयन हुनेछ, रमणीय सुन्दर देखिनेछ । हामी सबै यही सामाजिक परिवर्तनको दिशामा अगाडि बढ्यो भने पक्कै पनि जिल्लाकै सबैभन्दा विकट गाविस हरेक हिसाबले सुविधा सम्पन्न गाविस बनाउन सकिने छ । त्यसैले सोचौं एकजुट भई सामाजिक विकासमा नेतृत्व लिउँ आफ्नो गाउँको विकास भोली होइन आजैबाट शुरु गरौं । यही आजको आवश्यकता हो । यहि हाम्रो जिम्मेवारी हो ।

# *मेरो दुःखद जीवनलाई तरकारी खेतीले सुखद बनाएको छ*

*पवित्रा थापा*



*म पवित्रा थापा, वर्ष २६ रतनपुर-३ भतेरीमा बसोबास गर्दै आएकी छु । मेरो परिवारमा सासु, ससुरा, श्रीमान् र छोराछोरी गरी ६ जना रहेका छौं । परिवारको खासै राम्रो आम्दानीको स्रोत पनि केही थिएन् । धेरै जग्गा जमिन नभएता पनि भएको जमिनबाट पनि पर्याप्त मात्रामा आम्दानी लिन सकिएको थिएन् । परम्परागत रुपमा धान, मकै, गहुँ आदि वाली लगाउन नै परिवारका सदस्यहरुको समय खर्चिन्थ्यो भने घरायसी मदिरा उत्पादनबाट सामान्य कमाई गर्ने गरिएको थियो । यस्तो अवस्था भएपछि र कमाई नभएपछि धेरै पैसा कमाइएला, सुखले दिन काटिएला भन्ने आशाले मेरो श्रीमान् खाडी मुलुकमा कामको लागि जानुभयो । तर आवश्यक सीप नभएर उहाँले राम्रो काम पाउनु भएन । जेनतेन पाएको काम केही समय त गर्नुभयो तर त्यो कामले पनि केही नहुने देखेपछि उहाँ पुन घरमा नै फर्कनु भयो । एक मात्र कमाउने व्यक्तिको आश थियो, विदेश गएपछि धेरै पैसा आउला र दुःखका दिनहरु हट्लान् भन्ने आशाहरु निराशामा परिणत भए । यसपछि भाग्यलाई दोष दिँदै कर्मलाई धिक्कार्दै घरमा बसिरहेका थियौं । त्यही समयमा सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रमले हाम्रो गाउँमा कार्यक्रम शुरु गरेको रहेछ, कार्यक्रमबाट हामी जस्ता बेरोजगार युवाहरुलाई गाउँमा नै विभिन्न कार्यमा संलग्न गराएर स्वरोजगार बनाउने कुरा छलफलबाट थाहा भएपछि कार्यक्रमकै सहयोग र सल्लाहमा गाउँमा व्यवसायिक तरकारी खेती गर्न अग्रसर भयौं । शुरुमा १ कठ्ठाका दरले गाउँका १४ घरले शुरु गर्‍यौ । जसमा हामीले पनि १ कठ्ठामा लगाएका थियौ । साँच्चीकै होला कि नहोला भन्ने दोधारमा थियौं तर त्यसबाट राम्रै आम्दानी गर्‍यौ । त्यसपछि सबैले जग्गा बढाएर तरकारी खेती गर्न थाले भने हामीले पनि करिब ३ कठ्ठामा विभिन्न तरकारीका बालीहरु, काउली, बन्दा, खुर्सानी, गोलभेंडा, काक्रो, करेला, बोडी आदि लगायौं । राम्रोसँग मेहनत पश्चात् त्यसजग्गाबाट बार्षिक ८०,००० जति कमाउन सफल भयौं । यसबाट झन थप हौसला मिल्यो र निरन्तर रुपमा लगाइरहेका छौं, राम्रै आम्दानी भइरहेकै छ, घरमा हरिया तरकारी खान पाएका छौं । सबै परिवार खुशीसँग बसेका छौं । २ छोराछोरीलाई मुकुन्दपुरको बोर्डिङ्ग स्कूलमा पढाएका छौं । गाउँका महिलाहरु मिलेर महिला समूहमा बचत लगायत अन्य कार्यक्रम सञ्चालन गरिरहेका छौं । यसर्थ मेरो दुखद जीवनलाई तरकारी खेतीले सुखद बनाएको छ । यसर्थ हामी जस्तै पछाडी परेका महिलाहरु व्यवसायिक रुपमा जे काममा अगाडि बढे पनि सफल हुन सकिदो रहेछ ।*

# व्यवस्थित तरिकाले बाख्रापालन गरे फाइदा लिन सकिन्छ

**देउबहादुर सिंजाली**

नवलपरासी जिल्ला रतनपुर गाविस वार्ड नं.९ हुर्जिलमा जन्मेको म देउबहादुर सिञ्जाली मगरकी एउटी आमा, एक छोरा, एक छोरी, श्रीमती र आफू गरी पाँच जनाको परिवार छौं । अति गरिबको परिवार भएकोले आजभन्दा चार वर्ष अगाडिसम्म निकै दुःख, पीडा भोग्दै आफ्नो जीविकोपार्जन गर्दै आइरहेका थियौ । म गरिबको छोरा भएकोले बाल्यकालको पढ्ने, लेख्ने उमेरमा खोरिया र गोठालोमा बिताउन परेकाले म सँग न त जागिर, न त सीप, ज्ञान, चेतना केही पनि थिएन ।

जब २०६४ सालदेखि सहमति ग्रामीण युवा विकास कार्यक्रम हाम्रो रतनपुर गाविसमा पनि सञ्चालनमा आयो । त्यससालदेखि ग्रामीण युवा विकास कार्यक्रमले धेरै चेतनामूलक सामाजिक विकास सम्बन्धी तालिमहरु दिनुभयो । त्यस तालिमहरुले साँच्चीकै आफ्नो जिम्मेवारी आफै पूरा गर्नुपर्दो रहेछ भनि आत्मविश्वास बढ्न थाल्यो । धेरै तालिम, गोष्ठीमा भाग लिन पाइयो । जीविकोपार्जनको लागि खेतीपाती लगाउँथे । वर्षभरी कमाई गरेको खेतीले २-३ महिनासम्म पनि खान पुग्थेन । सहमति ग्रामीण युवा विकास कार्यक्रमले व्यवसायिक रुपमा एउटै मात्र काम गर्दै जानु पर्छ भनि सन्देश दियो । त्यति मात्र नभएर सहमतिले हामीबाट के सहयोग गर्नुपर्छ । हामी सहयोग गर्छौं भनेपछि हाम्रो हुर्जिल गाउँमा अरु व्यवसाय केही नभएकोले बाख्रापालन व्यवसाय गर्ने, बाख्रापालन तालिम माग गर्ने भनेर हुर्जिलका बाख्रापालक कृषकहरु बाख्रापालन व्यवसायमा लागे र बाख्रापालनको लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमले बाख्रापालन तालिम, भ्रमण, खोर सुधारको लागि सिमेन्ट सहयोग गरेपछि सबैले खोर व्यवस्थापन गरी तालिम, भ्रमणमा सिके अनुसार व्यवस्थित गरी बाख्रा पाल्दा हुर्जिलमा एक वर्षमा ६० प्रतिशत बाख्राको संख्या बढ्दै आएको देखियो ।



पहिला पुरानो परम्परा अनुसारले पाल्दै आउँदा बर्षेनी ३० प्रतिशतले बाख्रा मर्ने गरेको थियो भने अहिले व्यवस्थित तरिकाले बाख्रा पाल्दा मर्नेको संख्या घट्दै आएपछि आम्दानीतर्फ बढ्दै गएको देखिएकोले यो गाउँको युवाहरु विदेश जाने, पलायन हुने संख्या घटेका छन् । बाख्रापालन गरी आफ्नो जीवन स्तरमा सुधार ल्याएका छन् । मलाई ३५ दिने ग्रामीण पशु स्वास्थ्य तालिम प्राप्त गराएपछि मैले गाउँको बाख्रापालन कृषकको सेवामा लाग्दै मासिक २,००० देखि २,५०० कमाइरहेको छु । यसैको कमाइसाथ आफ्नो ३०/३५ वटा बाख्रा पाली बर्षेनी ५० देखि ६० हजार कमाई गरी आफ्नो पाँचजना परिवार सुखमय भई विताई रहेका छौ । साँच्चीकै यसरी व्यवस्थित तरिकाले बाख्रा पाल्दा बाख्राबाट पनि धेरै आम्दानी लिन सकिंदो रहेछ भनि विदेश जान आँटेका युवाहरु पनि बाख्रापालनमा लागिपर्ने क्रम बढ्दै गएको छ । यसरी हुर्जिलका बाख्रापालक कृषकहरु सक्रिय भई २०६६ साल असार ३ गते ३६ जना बाख्रापालन किसान समूह गठन भई मिति २०६८ साल मंसिर १९ गते जिल्ला पशु सेवा कार्यालय नवलपरासीमा समूह दर्ता गरेका छौ । अहिले प्रति महिनाको १५ गते नियमित बैठक बसी विभिन्न छलफलबाट समूह अघि बढेका छौ । पहिला समूह गठन नहुँदा आफ्नो पाराले बेच्ने गरेका थियौ भने अहिले तराजुमा तौलेर बेच्ने गरेका छौ । बाख्रापालक कृषक कसैबाट ठगिनु र झुक्किनु परेको छैन । यसर्थ म गरिबको छोरालाई र केही चेतना नभएका हुर्जिल बासीलाई यहाँसम्म ल्याई पुऱ्याएकोमा सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद ।

# किशोरीमा क, ख ..... पढेपछि

**-बुद्धिमाया भुजेल**

खै कहाँबाट शुरु गरौं मेरो भनाई वा जिज्ञासाहरु विगतको क्षण र वर्तमानको क्षणलाई तुलना गर्दा आफैंलाई अचम्म लाग्छ । गैंडाकोट गाविस वार्ड नं.३, केलादी बस्ने म बुद्धिमाया भुजेल एक अनपढ व्यक्ति हुँ । मेरो घरमा आमा, बाबा, भाइ, बहिनी हुनुहुन्छ । भनिन्छ मानिस जन्मिसकेपछि शिक्षा, दिक्षाको लागि पहिलो पाठशाला घर हो । हरेक छोराछोरीको भविष्य निर्माणको लागि बाबु, आमाको ठूलो भूमिका रहन्छ । तर ठीक विपरीत मेरो परिवारमा गरिबी र चेतनाको कारणले गर्दा मैले चाहेर पनि पढ्न सकिन । सानो छँदासम्म दिनरात गाई, बाख्रा गोठाला जाँदा समय बित्थ्यो । जब उमेर बढ्दै गयो । मैले कुनैपनि कुरा सिक्ने, जान्ने अवसर कहीं कतैबाट पाउन सकिन । म अनपढ र गरिब परिवारको छोरी भएको हुनाले होला कतिपयले त अनेक लोभ, लाञ्छना देखाएर हामीलाई काम लगाईदिने कुरा गरेर फकाउन समेत पछि पर्दैनथे । तर म कसैसँग कुरा गर्न र नजिक पर्न डराउँथे । बुबा, आमालाई समेत लोभ देखाएर काम लगाईदिने कुरा गर्थे । बुबा, आमाको चेतनाको कारण काम गर्न जा भन्न पनि पछि पर्नु हुँदैनथ्यो । समय बित्दै जाने क्रममा म जस्ता १५/१६ वर्षका अनपढ साथीहरु ९/१० जना थियौं । हामी सबैको दिनचर्या घास, दाउरामा नै समय व्यतित हुन्थ्यो । जब सहमति ग्रामीण युवा विकास कार्यक्रम हाम्रो गाउँमा आयो । शुरुमा त मान्छे आएर आफ्नो बारेमा



राम्रो कुरा सोध्दा म भित्र पस्ने र नबोल्ने गर्थे । दिनहुँ आउने, जाने गरेपछि म मा विस्तारै केही कुरा गर्न सक्ने आँट आउन थाल्यो । त्यसैक्रममा कार्यक्रमसँग छलफल पश्चात हामीले १५/१६ वर्षका साथीहरु १ वर्ष किशोरी कक्षा पढ्ने अवसर पायौं । सो अवसरलाई निरन्तरता दिदै गयौं । हाल मेरो बहिनी जसले स्कूलै देखेकी थिईन, उनले कक्षा ७ मा श्री सीताराम संस्कृत माध्यामिक विद्यालयमा पढ्दै छिन् भने म घर परिवारको जेठी छोरी भएकीले केही सिक्ने अवसर पाएँ सिक्छु भन्ने लागेर कार्यक्रमको सल्लाह बमोजिम सिलाईकटाई तालिम सिके । ९ महिनाको सो सिकाइ प्राप्त गरी हाल तनहुँ जिल्लाको देवघाटमा सिलाईकटाई पसल गरी राम्रै कमाई गरिरहेकी छु ।

अन्त्यमा म कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । यस कार्यक्रम मार्फत म मात्र होइन मेरो गाउँमा धेरैले बुझेका छन भने मेरो परिवारमा पढ्न नपाएका भाईबहिनीहरुले पढ्ने मौका पाएका छन्, दिनभर काम गरेर गरेको कमाई खर्च गर्नुको सट्टा बचत गरेका छौं । मेरो कमाईले भाइबहिनीलाई कापी, कलम र घरमा नुन, तेलमा सहयोग पुगेको छ । म जस्ता अनपढहरुलाई के भन्न चाहान्छु भने अवसरहरु खोज्नुपर्छ, निडर हुनुपर्छ ,हिम्मत हार्नु हुँदैन अवश्य पनि सफल भइन्छ भन्ने सन्देश दिन चाहान्छु ।

# म र मेरो परिवारमा आएको परिवर्तन

**कमला पाण्डे**

गैंडाकोट गाविस वार्ड नं. ३, हर्दि बस्ने म कमला पाण्डे २०३८ सालमा जन्मिएकी हुँ । मेरो जन्मघर धादिङ्ग जिल्ला भएता पनि कर्मघर नवलपरासी जिल्लाको गैंडाकोट-३, हर्दि हो । मेरो परिवारमा आमा, श्रीमान्, छोराछोरी गरी पाँच जना छौं । विवाह बन्धनमा बाँधिएँ त्यसपछि मलाई न त सन्तोष नै मिल्यो न त सु:ख नै । आज ११/१२ बर्षपछि खुशी र सु:ख महशुस गरेकी छु । म एक सामान्य किसानी हुँ । खेतीपाती बाहेक मेरो आम्दानीको कुनै स्रोत थिएन । दिनरात मेहनत गरेपनि ६ महिनालाई पनि खान पुग्थेन । केही काम गर्न पनि परिवारबाट कुनै सहयोग पाउन सकिन । समाजमा रक्सी पार्ने र रक्सी खाने मानिसहरुको संगतले गर्दा मेरो परिवारमा पनि विस्तारै नकारात्मक प्रभाव परेको थियो । परिवारको दिनरातको कचकचले गर्दा म साह्रै चिन्तित थिएँ । बालबच्चालाई पढ्नको निम्ति न त आर्थिकले नै पुर्‍याउन सक्थे । न त राम्रो वातावरण दिन नै सके । यस्तै यस्तैमा समय बित्थ्यो । तर पनि आफ्नो बालबच्चाको पढ्नको निम्ति आफूले नखाएर भएपनि पढाउनु पर्छ भन्ने ठानेर रक्सी व्यवसाय शुरु गर्न थाले । रक्सी पारेर बेचेको पैसाले बालबच्चाको पढाई खर्च पुर्‍याउनु पर्थ्यो । घरमै रक्सी बनाउन थालेपछि परिवारमा झन नकारात्मक प्रभाव पर्न थाल्यो । म स्वयम् रक्सी पार्दाको धुँवा, आगो, पानीले गर्दा विरामी पर्न थाले । तर पनि मेरो बाध्यता थियो रक्सी बनाउने ।

जब सहमति ग्रामीण युवा विकास कार्यक्रम हाम्रो गाउँमा आइपुग्यो । सबैजना समूहमा आवद्ध हुनुभयो । मलाई समूहमा बस्न निकै गाह्रो भयो तर पनि समूहमा बस्ने निर्णय गरे । कार्यक्रम मार्फत विभिन्न तालिमहरु हुने गर्थ्यो । मलाई सो तालिम लिने र सिक्ने धेरै इच्छा हुन्थ्यो । तर घरबाट खाली छेकवार मात्र हुन्थ्यो । उल्टो अनावश्यक आरोप सुन्नुपर्थ्यो । समय बित्दै जानेक्रममा समूहबाट तालिम लिनको निम्ति धेरै साथीहरु जानुभयो । मैले पनि तालिम लिन्छु भनि नेतृत्व विकास तालिममा सहभागी भएँ । जब तालिम सकेर घर फर्के । मेरो घरमा छरछिमेकले नचाहिने कुरा लगाएर घर विगार्ने काम गर्न समेत पछि परेनन् । यति कि मेरो परिवारले मलाई घर बस्न नदिने कुरा गर्न थाल्नुभयो । त्यसपछि मैले कार्यक्रमलाई जानकारी गराएँ र वहाँहरुले मेरो घरपरिवारलाई सम्झाएपछि विस्तारै कुरा बुझ्न थाल्नुभयो ।



समयले मान्छेलाई कहाँबाट कहाँ पुर्‍याउँदो रहेछ । समय समयमा कार्यक्रम मार्फत सम्झाउने, बुझाउने र विभिन्न तालिमहरुमा परिवारका अरु सदस्यहरु पनि सहभागी भएपछि मेरो परिवारले धेरै कुरा बुझ्न थाल्यो । आज मेरो परिवारले यो भन्नुहुन्छ- परिवारमा सबैजना मिलेर काम गर्‍यो भने सबैको प्यारो भइन्छ । घरपरिवारले कमाएको आम्दानी ठीक ठाउँमा सल्लाह गरेर मात्र खर्च गर्ने वातावरण बनेको छ । आज म धेरै खुशी छु । मैले पनि रक्सी व्यापारको विकल्पको रुपमा समूहबाट ऋण निकालेर सानो किराना पसल खोलेकी छु । बाबु, नानीको पढाई र घरखर्च राम्रोसँग धानेकी छु । कुनैपनि कार्यक्रममा सहभागी भई निडर भएर केही कुरा गर्न सक्ने भएकी छु ।

अन्त्यमा सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद दिंदै म जस्ता महिला दिदीबहिनीलाई के भन्न चाहन्छु भने कुनैपनि काम गर्दा धैर्यता, स्वाभिमानलाई आत्मसात गरेर अगाडि बढ्यो भने हामीलाई सहयोग गर्ने आधारहरु धेरै छन् । जति दु:ख, कष्ट आइपरेपनि सामना गर्न जान्यौ भने अवश्य सफल भइन्छ भन्न सन्देश दिन चाहान्छु ।

# आफ्नै देशमा केहि गर्छु भनि हिम्मत कसी फर्किएँ

**लोकबहादुर थापा**, ढोडेनी

मेरो जन्म २०४५/०२/१४ गैंडाकोट-३ मा भएको हो । म कक्षा ८ पास गरी आर्थिक कमजोरीले गर्दा म आफ्नो पढाईलाई स्थगित गरी स्वदेशमा रोजगारी नभएकोले २०६१ सालमा रोजगारीको लागि कहिले उकाली त कहिले ओराली गर्दै, दु:ख, कष्ट भोग्दै मलेशिया पुगेको थिएँ । त्यहाँ पनि धेरै दु:खहरु भोग्नु पर्‍यो । विहान ४ बजेदेखि बेलुका ११ बजेसम्म अर्काको गाली र अर्काको दबाबमा, काम गरी विहान बेलुका आफैले खाना बनाई, नुहाई, धुवाई त छदैछ, त्यसमा पनि हतार हतार जहिले पनि व्यस्त, कहिल्यै पनि एक सेकेण्डको पनि समय नहुने, यस्तो उजाड र उराठ लाग्दो मरुभूमिमा, आफ्नो घरपरिवारलाई छोडेर बस्नु पीडा खप्नु पर्ने थियो ।

त्यसमा पनि त्यहाँको व्यस्तताले गर्दा झनै पीडा खप्नु पर्ने थियो । भन्छन् मान्छेले दु:खमा नआतिनु, सुखमा नमातिनु भनेर त्यसैले मैलेपनि यसै भनाईलाई सम्झि रहन्थे । विदेशमा म जस्ता हजारौं नेपाली दाजुभाइले भोगेका र सहेका पीडा र कष्टदेखि म आफ्नो मन आफैले सम्हाली बस्थे । धेरै दु:ख, पीडाहरु सहनु परेको थियो । आफ्नो देशमा रोजगारी नभएपछि आर्थिक समस्याले गर्दा नचाहँदा नचाहँदै पनि विदेशमा बाध्य भएर दु:ख, कष्ट भोग्न जानु पर्दो रहेछ । विदेश जानलाई रु. १,१०,०००।- खर्च गरी जाँदा पनि भनेको जस्तो तलब नपाईने, २४ घण्टा काम गर्नुपर्ने, तलब भने जम्मा ८,००० देखि १०००० सम्म हुने यस्तै यस्तै दु:ख, कष्ट भोग्दै ३ वर्षको अवधि पूरा गरी म आफ्नो प्यारो मातृभूमि स्वदेशमा फर्के ।



यसरी धेरै लगानी गरेर धेरै टाढा जाँदा पनि आफूले भनेको जस्तो समय पनि नमिल्ने, तलब पनि नपाईने हुनाले म आफ्नो देशमा गएर केही काम सिकेर आफ्नै देशमा गर्छु भनि हिम्मत कसी फर्किएकोले म काम सिक्ने उद्देश्यले भौतारिदै, भौतारिदै हिंड्दा हिंड्दै सहमति संस्थाद्वारा संचालित ग्रामीण युवा विकास कार्यक्रमसँग भेट भयो । कार्यक्रमको सल्लाह बमोजिम म ३५ दिने ग्रामीण पशु स्वास्थ्य कार्याकर्ताको तालिम लिएर म आफ्नो सानो पसल गरी बसेको छु ।

अहिले मेरो दिनको व्यापार १,२०० देखि १,५०० सम्म हुन्छ । यहि पसलबाट मैले आफ्नो घर खर्च र नानी, बाबुको पढाई खर्च धानी रहेको छु । विदेशको दु:ख, पीडाभन्दा स्वदेशको मेहनतको फल मीठो भएको छ । म यो भन्न चाहन्छु कि विदेशमा गएर दु:ख, पीडा भोग्नु अनि गुलामी बन्नु भन्दा आफ्नै देशमा बसेर मेहनत गरौं । अवश्य पनि मेहनतको फल मीठो हुन्छ ।

# परिश्रमको फल मिठो हुन्छ

कौशिला श्रेष्ठ

मेरो घर नवलपरासी जिल्लाको पहाडी क्षेत्रमा रहेको कोटथर गाविसमा पर्छ । मैले आज भन्दा झण्डै ९/१० वर्ष अगाडि एस.एल.सि. दिएकी थिएँ । तर मेरो नतिजा राम्रो निस्केन । त्यसपछि मैले एस.एल.सि. दिन नै छोडिदिएँ । म सधैं पढाईप्रति चासो नराखी घाँस, दाउरामा र घरको काममा व्यस्त हुन्थे र म सधैं त्यसमा नै खुशी हुन्थे ।

केहि वर्षपछि हाम्रो गाविसमा सहमतिले ग्रामीण युवा विकास कार्यक्रममार्फत् विभिन्न कार्यक्रमहरु लिएर आयो । यस कार्यक्रमले कोटथरवासीको लागि अति नै विकासमूलक र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । त्यसको साथै २०६६ सालमा सहमति संस्थाद्वारा एउटा अति नै नयाँ कार्यक्रम सञ्चालन गरिएको थियो । जसको नाम एस.एल.सी. तयारी कक्षा थियो । यसमा कोटथर गाविस भरीका एस.एल.सी. फेल भएर बसेकाहरुले पढ्ने अवसर पाइएको थियो । मैले पनि यस एस.एल.सी तयारी कक्षा सञ्चालन गर्नको लागि सक्दो सहयोग गरेकी थिएँ । मैले एस.एल.सी. तयारी कक्षा शुरु भएपछि रातदिन मेहनत गरेर पढ्न थाले । परिश्रमको फल मीठो हुन्छ भने झैं मैले सेकेण्ड डिभिजनमा एस.एल.सी. पास गरें । यसरी पढाइप्रति निच मारी बसेकाहरुको लागि सहमतिको सहयोगमा एस.एल.सी. तयारी कक्षा सञ्चालन गरी एस.एल.सी. पास गर्न सफल भएकोमा म सहमति संस्थालाई हृदयदेखि नै धन्यवादज्ञापन गर्दछु ।



एस.एल.सि. पास भएपछि मैले शिक्षा विषय लिएर +२ पढ्ने निर्णय गरी म कक्षा ११ मा भर्ना भएँ । यसरी पढ्ने क्रममा मैले मेरो पढाईलाई अगाडि बढाएँ । ११ कक्षामा भर्ना भएपछि CTVTE बाट मान्यता प्राप्त १५ महिने सामाजिक परिचालन तालिम लिन सहमतिद्वारा नै मलाई छनौट गरी काठमाण्डौं पठाइयो । त्यसमा पढ्नको लागि नाम निकाल्नु पर्ने रहेछ । मैले पनि परीक्षा दिएँ । त्यसमा मैले नाम निकाले । जुन हामीलाई तालिम दिने संस्थाको नाम नेपाल सर्वोदय सेवा केन्द्र (MSR) हो । यस तालिमको लागि पढ्न, बस्न र खानको लागि सहमति संस्थाले नै छात्रवृत्ति प्रदान गरी मलाई सहयोग गरेको थियो । मैले यस तालिमको १२ महिना Theory कक्षा सकी ३ महिना रामेछाप जिल्लामा गई OJT गरी १५ महिने तालिम सिध्याएपछि कक्षा १२ को परीक्षा दिई अहिले म घरमा नै बसेको छु । CTEVT को रिजल्ट आएपछि काम गर्ने योजना बनाएकी छु ।

यसर्थ एस.एल.सी. फेल भएका युवाहरुको लागि सहमति ग्रामिण युवा विकास कार्यक्रमको अनौपचारिक शिक्षा कार्यक्रमले म जस्ता कोटथरका युवाहरुलाई जुन अवसर प्रदान गऱ्यो यो सहयोग निरन्तर रहिरहोस, युवाहरुले पढ्ने अवसर प्राप्त गरुन र आफ्नै गाउँठाउँमा रोजगार हुने मौका पाउन ।

# अनौपचारिक एस.एल.सी. कक्षा, सफलताको कसी

रेनु मल्ल
कोटथर-४ , ढाँडवेशीं

कुन शब्दबाट शुरु गरौं आजको दिनमा खुशी नै खुशीको लहर छाएको छ । आज आएर मेरो जीवनले एक नयाँ मोड लिन सफल भएको छ । म धेरै खुशी छु आज । छोरा २ वर्षको थियो । २०६५ सालमा ग्रामीण युवा विकास कार्यक्रम सहमतिद्वारा Under S.L.C हरुलाई कोचिङ क्लास खुलाउने नयाँ कार्यक्रम ल्याएको रहेछ र यो नयाँ कुरा थाहा पाउनासाथ म सबै कुराको निधो लिन र बुझ्न ग्रामीण युवा विकास कार्यक्रम सहमति थामवेंसीसम्म पुगें । सबै कुराको जानकारी भएपछि Under S.L.C हरुलाई पढ्नु पर्छ है भनि म लगायत मेरा सहकर्मी साथीहरु ४/५ जना मिली घरघरमा गएर सम्झाई, बुझाई गरेर भर्ना नाम लिष्ट टिपोट गरी ग्रामीण युवा विकास कार्यक्रम सहमतिमा ४५ जनाको हाराहारीमा नाम बुझायौं । असारको पहिलो हप्तामा छलफल गरी असार २० गतेबाट पढ्ने निधो गरेर असारबाटै कोचिङ क्लास शुरु भयो । तर म एक बच्चाको आमा त्यसमाथि बुहारी भएर होला बर्षो काम सिद्धिएर मात्रै भदौबाट कोचिङ क्लास पढ्न हिंडे । यसरी कोचिङ्ग पढ्नेहरुमा १८-४० वर्षका युवाहरु थियौं ।




म एक बच्चाको आमा अझै बुहारी मान्छेले पढेको देख्दा समाजबाट पढ्नु पर्दैन, अब पढेर के हुन्छ र ? जस्ता अनगिन्ति कुराहरु आउथ्यो । तर म S.L.C कटाउने, १०+२ पढ्ने र निरन्तर पढाई अगाडि बढाउने धोको भएको कारणले समाजबाट जस्तोसुकै समस्याहरु आईपरे पनि मलाई पढ्नका लागि मौका दिनुभएको भान ममा पैदा हुन्थ्यो । कोचिङ्ग कक्षामा ध्यान दिएर पढ्नुका साथै राती घरमा घरधन्दा र बच्चा सुतिसकेपछि अवेरसम्म गरेको परिश्रमले मैले S.L.C मा ५२.८८ ٪ ल्याउन सफल भएँ । म आज निकै हर्षित छु मलाई लाग्छ ग्रामीण युवा विकास कार्यक्रमको यो प्रयास नवलपरासी जिल्लाकै नमूना र सफल प्रयास हो । मलाई लाग्छ यो कार्यक्रम नआएको भए न ममा पढ्नु पर्छ भन्ने भावना जाग्थ्यो न म S.L.C पास नै हुन्थें ।

आज म कक्षा १२ को परीक्षा दिएर वसेकी छु, ११ कक्षाको नतिजा राम्रो आयो आशा छ १२ मा पनि राम्रो आउँछ । त्यसैले सर्वप्रथम त नयाँ कार्यक्रम ल्याउने सहमति परिवारलाई हृदयबाट नै धन्यवाद दिन चाहन्छु । घरको वातावरण मिलाई दिनुहुने श्रीमान् विष्णु मल्ललाई पनि धन्यवाद दिन चाहन्छु । मेरो समस्या बुझी जतिबेला गएपनि सहयोग गरिदिनु हुने शिक्षक शिक्षिकाज्यूलाई पनि धन्यावद दिन चाहन्छु र अन्तमा फेरी यति राम्रो नयाँ कार्यक्रम ल्याउने सहमति परिवारलाई मेरो व्यक्तिगत तर्फबाट धन्यवाद दिन चाहन्छु ।

# कार्यक्रम पछि देखिएको परिवर्तन

**दिल कुमार थापा**

देवचुली वचत तथा ऋण सहकारी संस्था लि.



कोटथर गाविस नवलपरासी जिल्लाको विकट पहाडी गाविस हो । यस गाविसमा करिव ९५ प्रतिशत मगर समुदायको वस्ती रहेको छ । अन्य जातिहरुमा नेवार, दमै, कामी र सार्कीहरु रहेका छन् । यस गाविसका बासिन्दाहरुको आर्थिक श्रोत भनेको अदुवा, सुन्तला र खसी, बोका नै मुख्य हुन् । तर व्यवसायिक रुपमा संचालन नगरेकोले गर्दा आर्थिक वृद्धि न्युन रहेको छ । आम्दानी कम र बढी फजुल खर्च गर्ने परम्परागत संस्कृति रहेको छ यहाँका अधिकांश समुदायहरुको ।

यहाँका समुदायहरुको चालचलन र संस्कृतिलाई बुझ्नि सकेपछि ग्रामीण युवा विकास कार्यक्रम सहमतिले युवाहरुको सामाजिक आर्थिक र साँस्कृतिक क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, भ्रमण, गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरु संचालन गरी रहेको छ । जस्ले गर्दा केही हद सम्म आम्दानीको श्रोत वृद्धि भएको र बचत गर्नुपर्छ भन्ने भावनाको विकास भएको छ । यस क्रममा २०५८ सालमा स्थापना भई मौन रुपमा बसिरहेको देवचुली बचत तथा ऋण सहकारी संस्था हाल निकै तिव्र रुपमा अगाडि बढिरहेको छ । यस संस्थालाई संस्थागत विकास र निरन्तर अगाडि वढाउन ग्रामीण युवा विकास कार्यक्रमलाई प्रेरणाको श्रोत भन्न सकिन्छ । साथ साथै संचालक समिति तथा अन्य समिति उप समिति, कर्मचारी लगायत सम्पूण शेयर सदस्यहरुको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको छ । शुरुमा ६८ जना शेयर सदस्य रहेको यस संस्थामा हाल ६०४ जना सदस्य संख्या पुगेको छ भने २५ जना बाल बचत सदस्यहरु रहेका छन् । १४४३ शेयर बिक्रीबाट १,४४,६००।- रुपैया शेयर पुँजि रहेको छ । हाल २५ हजार रुपैयासम्म ऋण लगानी गरिन्छ । संस्थाको आफ्नो भवन रहेको छ यस भवन निर्माणको लागि ग्रामिण युवा विकास कार्यक्रम सहमतिबाट २,५७,५००।- गाविसबाट १,५०,०००।- र अरु यस संस्थाकै रकम लगानी गरी निर्माण पश्चात् व्यवस्थित रुपमा दैनिक कार्य गर्न सजिलो भएको छ र जसवाट विभिन्न तालिम गोष्ठी वैठक गर्न सजिलो भएको छ । जस्ले गर्दा समुदायहरुको सहकारीप्रति चासो बढेको छ ।

२०५८ सालमा दर्ता भएको यस संस्थामा हिसाब किताब राख्ने, नियमित बैठक बस्ने जस्ता कामहरुको जिम्मेवारी लिने जिम्मेवारी व्यक्ति नभएपछि दैनिक हिसाब-किताब राख्न निकै समस्या पर्‍यो । यसले समयमा ढुङ्गा खोज्दा देउता मिले जस्तो मैले सहकारी व्यवस्थापन र लेखा सम्बन्धी तालिम लिएँ । तालिम पछि समुदायका व्यक्तिहरुलाई सहकारी शिक्षा शिविर तथा तालिमहरु राखेर सहकारीको महत्वबारे जानकारी दिइयो फलस्वरुप आज देवचुली वचत तथा ऋण सहकारी संस्था लि.दैनिक कारोवार गर्ने बलियो संस्थाको रुपमा देखिएको छ । आफूले जन्माएको संस्थाको लागि केही गर्नुपर्छ भन्ने सोची मैले लगभग दुईवर्षसम्म बेतलवी रुपमा काम गरे हाल मैले नै यस संस्थामा व्यवस्थापकको रुपमा काम गर्ने अवसर पाएको छु । तलव दैनिक रु. १००।- भएपनि मैले खुशीका साथ नै काम गरीरहेको छु र गरिरहनेछु ।

# युवा सूचना केन्द्र

ग्रामीण युवा विकास कार्यक्रमको कार्यक्षेत्रका ४ वटै गा.वि.स.हरुमा युवा सूचना केन्द्र स्थापना गरी संचालनमा रहेका छन् । युवाहरुलाई विभिन्न विषयमा सूचना प्रदान गर्ने र युवाहरुमा आपसी छलफल एवं बहस गराई युवाहरुको क्षमता वृद्धिमा सहयोग पु-याउने उद्धेश्यले युवा सूचना केन्द्र स्थापना गरिएको हो ।




युवा सूचना केन्दमा विभिन्न प्रकारका पुस्तकहरु, पत्रपत्रिकाहरु, सूचना तथा सन्देशमूलक पोष्टर, पम्पलेटहरु रहेका छन् । सम्बन्धित गा.वि.स.मा संचालित सहकारी संस्थाहरुका मातहतमा सहकारी संस्थाकै भवनमा सूचना केन्द्र रहेका छन् । सूचना केन्द्रको संचालन र व्यवस्थापनका लागि युवा सूचना केन्द्र व्यवस्थापनका लागि युवा सूचना केन्द्र व्यवस्थापन समिति गठन गरिएको छ । हरेक सूचना केन्द्रमा एक/एक जना सूचना केन्द्र परिचालकको व्यवस्था मिलाइएको छ ।

सूचना केन्द्रमा युवाहरुको रुची, चाहना अनुसारका साहित्य, कृषि तथा पशु विकास, स्वास्थ्य, व्यक्तित्व विकाससँग सम्बन्धित र विभिन्न पत्रपत्रिकाहरु छन् भने अझ बढी उपयोगी र सूचनापूर्ण बनाउन पहल भइरहेको छ । यसका साथै धेरै जसो युवाहरु वैदेशिक रोजगारमा चासो राख्ने भएको हुँदा वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने प्रकृया र सावधानीहरुसँग सम्बन्धित पुस्तक एवं पम्पलेटहरु समेत सूचना केन्द्रमा राख्ने प्रयास भइरहेको छ ।

कार्यक्षेत्रका सबै युवाहरुलाई सूचना केन्द्रमा गई पठनपाठन एवं छलफलमा भाग लिई सूचना केन्द्र र आफ्नो व्यक्तिगत क्षमता विकासका लागि ग्रामीण युवा विकास कार्यक्रमले थप के गर्नुपर्ला भन्ने विषयमा सुझाव सल्लाहको अपेक्षा राख्दछौं ।

**युवा सूचना केन्द्र जाऔं, आफू पनि पढौं, छलफल गरौं र फाइदा उठाऔं ।**

प्रेषक

**सहमति**

ग्रामीण युवा विकास कार्यक्रम

गैंडाकोट,-५ नवलपरासी

फोन नं. : ०५६-५०२०९०

E-mail:sahamati@wlink.com.np

Website : www.sahamati.org

प्रापक

टिकट